यो आकाशवाणी हो

## प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, भारतसित विश्वको सबैभन्दा ठूलो पाण्डुलिपि संग्रालय छ
- श्री नरेन्द्र मोदीले भन्नुभयो, पूर्वोत्तर प्रगतिको प्रतीक्षामा सीमान्त क्षेत्र नभएर देशको विकास गाथाको केन्द्रबिन्दु हो
- प्रधानमन्त्री भोलीदेखि विभिन्न राज्यको भ्रमणमा जानुहुने
- श्री राधाकृष्णनले लिनुभयो उपराष्ट्रपति पदको शपथ अनि
- खेल मन्त्रीले भन्नुभयो, भारतको प्रत्येक गल्ली खेलको मैदान बन्नुपर्छ

----------------

- PM Bharat Mandapam

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो, ज्ञान भारतम मिशन भारतको संस्कृति, साहित्य र चेतनाको आवाज बन्न तयार छ। नयाँ दिल्लीमा ज्ञान भारतममा अन्तरराष्ट्रिय सम्मेलनमा उपस्थित जनसमूहलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, भारतसित लगभग एक करोड़ पाण्डुलिपिको विश्वको सबैभन्दा ठूलो संग्रह छ। उहाँले अघि भन्नुभयो, इतिहासमा करोड़ौं पाण्डुलिपिहरू नष्ट भए, तर जति बाँचेको छ त्यसले दर्शाउँदछ कि हाम्रा पूर्वज ज्ञान, विज्ञान र शिक्षाप्रति कति समर्पित थिए। उहाँले भारत आफ्नो विचार, आदर्श र मूल्यबाट आकार लिने एउटा जीवन्त धारा हो भन्नुभयो। उहाँले अघि भन्नुभयो..........
उहाँले ज्ञान भारतम पोर्टलको पनि शुभारम्भ गर्नुभयो, जुन पाण्डुलिपिहरूको डिजिटलीकरण, संरक्षण र सार्वजनिक पहुँचमा गति ल्याउनका लागि एउटा समर्पित डिजिटल प्लेटफर्म हो।

तीन दिवसीय सम्मेलन हिजो “पाण्डुलिपि सम्पदाको माध्यमबाट भारतको ज्ञान सम्पदालाई पुनः प्राप्त गर्नु” विषयमा शुरू भयो। यो सम्मेलन भारतको अद्वितीय पाण्डुलिपि सम्पदालाई पुनर्जीवित गर्नु र यसलाई वैश्विक ज्ञान संवादको केन्द्रमा राख्ने उपायमाथि विचार-विमर्श गर्न प्रमुख विद्वानहरू, संरक्षणवादीहरू, प्रौद्योगिकीविदहरू र नीति विशेषज्ञहरूलाई एकैसाथ ल्याउनु हो।

-------------------------------------X-----------------------------------

----

- PM North East

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, पूर्वोत्तर अब प्रगतिको प्रतीक्षामा एउटा सीमान्त क्षेत्र नभएर देशको विकास गाथाको केन्द्रबिन्दु हो। प्रधानमन्त्रीले एउटा सोशल मिडिया पोस्टमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवको एउटा लेख साझा गर्नुभयो, जसममा भनिएको छ कि पूर्वोत्तर देशको अग्रणी क्षेत्र बनिरहेछ अनि बेराबी-सैराङ रेलवे लाइनको उदघाटन एउटा ऐतिहासिक उपलब्धी हो। यो रेलवे लाइनले मिजोरमलाई राष्ट्रिय रेल नेटवर्कसित जोड्दछ। यसबाट व्यापार, सम्पर्क र रोजगारका नयाँ अवसर उत्पन्न हुनेछ।
यस परियोजनाबारे बोल्दै रेल मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, प्रधानमन्त्री श्री मोदीले भोली उदघाटन गर्नुहुने नयाँ रेल लाइन परियोजना धेरै कठिन रहेको छ किनभने, यसमा पैंतालीसवटा सुरूङ र पचपनवटा प्रमुख पुल समावेश छन्।

-------------------------------------X-----------------------------------

----

- PM Visit

यसैबीच, प्रधानमन्त्री श्री मोदी भोलीदेखि यस महिनाको पन्द्र तारिकसम्म मिजोरम, मणिपुर, असम, पश्चिम बंगाल र बिहारको भ्रमणमा रहनुहुनेछ।

मिजोरम यात्राअवधि प्रधानमन्त्रीले भोली बेराबी-सेराङ नयाँ रेलवे लाइन परियोजनाको उदघाटन गर्नुहुनेछ। एकाउन किलोमीटरभन्दा लामो यस रेल लाइनको निर्माण आठ हजार करोड रूपियाँको लागतमा गरिएको हो।

आकाशवाणीसितको कुराकानीमा मिजोरमका राज्यपाल तथा पूर्व केन्द्रिय मन्त्री जनरल सेवानिवृत्त वीके सिंहले बेराबी-सेराङ रेल परियोजनालाई अत्यन्त महत्वकांक्षी र महत्त्वपूर्ण बताउनुभयो। जनरल सिंहले भन्नुभयो, यस परियोजनाबाट यात्रा र माल भाड़ाको लागतमा कमी आउनका साथै समयको पनि बचत हुनेछ। उहाँले अघि भन्नुभयो.......

मिजोरम यात्राअवधि प्रधानमन्त्रीले तीनवटा रेल सेवाहरूलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनुहुनेछ।

प्रधानमन्त्री मिजोरमपछि भोली नै मणिपुर जानुहुनेछ, जहाँ उहाँले आठ हजार पाँच सय करोड़ रूपियाँका धेरै विकास परियोजनाहरूको उदघाटन गर्ने कार्यक्रम छ। असम भ्रमणमा प्रधानमन्त्रीले गुवाहाटीमा डाक्टर भूपेन हजारिकाको एक सयौं जयन्ती समारोहमा भाग लिनुहुनेछ।

--------------------------------------X-----------------------------------
----

- VP Oath

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित शपथ ग्रहण समारोहमा CP राधाकृष्णनलाई भारतका उपराष्ट्रपति पदको शपथ दिलाउनुभयो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी, पूर्व राष्ट्रपति रामनाथ कोविन्द, पूर्व उपराष्ट्रपति जगदीप धनखड़ र अमित शाह, राजनाथ सिंह, JP नड्डा, पीयूष गोयल तथा नितिन गडकरीसहित अन्य केन्द्रिय मन्त्री उपस्थित थिए।
शपथ ग्रहणपछि उपराष्ट्रपति श्री राधाकृष्णनले राजघाटमा महात्मा गान्धीलाई पुष्पाञ्जली अर्पण गर्नुभयो। उहाँले सदैव अटलमा पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीलाई पनि श्रद्धाञ्जली दिनुभयो।

यसै महिनाको नौं तारिक भएको उपराष्ट्रपति चुनाउमा श्री राधाकृष्णनलाई चार सय बाहुन मत प्राप्त भएको थियो, जसले B सुदर्शन रेड्डीलाई एक सय बाहुन मतको अन्तरले हराउनुभएको थियो।

--------------------------------------X----------------------------------
----

- Mandaviya SS

खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले भन्नुभएको छ, भारतको प्रत्येक गल्ली खेलको मैदान बन्नुपर्छ अनि प्रत्येक मञ्चमा भारतको झण्डा फहराइनुपर्छ। नयाँ दिल्लीमा आज एउटा निजी मिडिया संस्थानद्वारा आयोजित खेल शिखर सम्मेलनलाई सम्बोधन गर्दै डाक्टर माण्डवियाले भन्नुभयो, खेलहरूलाई एउटा यस्तो जन आन्दोलन बनाउन आवश्यक छ, जुन प्रत्येक नागरिकसित जोड़िनसकोस्।

खेल मन्त्रीले भन्नुभयो.......

--------------------------------------X----------------------------------
----

- Goyal EU

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आज नयाँ दिल्लीमा यूरोपीय संघका व्यापार आयुक्त मारोस शेफकोविच र आर्थिक सुरक्षा आयुक्त क्रिस्टोफ हेन्सेनसित कुराकानी गर्नुभयो। श्री गोयलले भन्नुभयो, दुवै नेता एउटा सन्तुलित र पारस्परिक रूपमा लाभकारी मुक्त व्यापार समझौता गर्न, व्यवसायीहरूका लागि नयाँ मार्ग खोल्न र भारत तथा यूरोपीय संघको साझा विकासका अवसरहरूलाई अधिकतम गर्न प्रतिबद्ध छन्।

-------------------------------------X--------------------------------
----

- PIB- Fact Check

सरकारले PM मुद्रा योजनाको अनुमोदन पत्रको दावी गर्ने सोशल मिडियामाथि प्रसारित एउटा पत्रलाई नक्कली बताउँदै खारेज गरेको छ। यस पत्रमा बीमा शुल्कको रूपमा छत्तीस हजार पाँच सय रूपियाँको भुगतानमा PM मुद्रा योजनाअन्तर्गत तीन लाख रूपियाँको ऋण दिने झूठो वादा गरिएको छ। पत्र सूचना कार्यालयको तथ्य जाँच एकाइ अथवा fact check unit-ले यसलाई नक्कली बताउँदै भनेको छ, सरकारले यस्तो कुनै पनि अनुमोदन पत्र जारी गरेको छैन।

-------------------------------------X--------------------------------
----

- Delhi-Metro Agreement

दिल्ली मेट्रो DMRC-ले आफ्नो सबैभन्दा पुरानो र व्यस्त रेड लाइन र यल्लो लाइनको प्रदर्शनलाई अझ राम्रो बनाउन एउटा निजी संस्थानसित साझेदारी गरेको छ। यस साझेदारीअन्तर्गत सिग्नलिङ प्रणालीका लागि आवश्यक पुर्जा उपलब्ध गराउनु, डेटा लगिङ सुविधालाई उन्नत बनाउनु, तक्नीकी सहयोग प्रदान गर्नु र सिस्टम अडिट गर्नु हो। यो समझौता छह वर्षाका लागि हो, जससाई अझ दुई वर्ष बढ़ाउन सकिनेछ। यो पहलले दिल्ली मेट्रोको आफ्नो महत्त्वपूर्ण मेट्रो लाइनमा सेवाको उच्च मान र परिचालन दक्षता बनाइराख्ने प्रतिबद्धतालाई दर्शाउँदछ।

-------------------------------------X----------------------------------
----

- **Delhi Metro-Sarathi App**

यकैक्रममा, दिल्ली मेट्रो (DMRC)-ले मेट्रोमा यात्रा गर्ने यात्रीहरूका लागि DMRC-को सारथी ऐपमा UPI भुगतानको सुविधा शुरू गरेको छ। दिल्ली मेट्रोले सारथी ऐपको माध्यमबाट DMRC-पे पावर्ड बाई भीम फीचर शुरू गरेको छ। यसबाट यात्रीहरूलाई अब टिकट खरिद गर्नका लागि कुनै दोस्रो UPI ऐपको आवश्यकता हुनेछैन। यस ऐपअन्तर्गत यात्रीहरूले दिल्ली मेट्रो, DTC बस र नोएडा मेट्रोमा यात्रा गर्नका लागि टिकट खरिद गर्न र कार्ड रीचार्ज गर्ने लाभ उठाउन सक्नेछन्।

-------------------------------------X----------------------------------
----

- **Nepal Health Ministry**

नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भनेको छ, जेन-जेड-को विरोध प्रदर्शनअवधि भएको विभिन्न घटनामा छत्तीसजनाको ज्यान गयो। मन्त्रालयका सचिव डाक्टर विकास देवकोटाले भन्नुभएको छ, देशभरिका विभिन्न अस्पतालहरूबाट प्राप्त जानकारीअनुसार अहिलेसम्ममा छत्तीसजनाको मृत्यु भइसकेको छ। देशभरिका बाहुन विभिन्न अस्पतालहरूमा दुई सय चौरासीजना मानिसहरूको निःशुल्क उपचार चलिरहेछ अनि एक हजार सात सय एकहतरजना घाइतेहरूको उपचार गरिसकिएको छ।

-------------------------------------X----------------------------------
----

- National Nutrition Month

आठौं राष्ट्रिय पोषण माहको उदघाटन आज पुडुचेरीमा गरियो। कार्यक्रमको शुभारम्भ गर्दै पुडुचेरीका उपराज्यपाल K कैलाशनाथनले भन्नुभयो, राम्रो पोषण स्वस्था र विकसित भारतको आधार हो। यस वर्षको विषयको उल्लेख गर्दै श्री कैलाशनाथनले मानिसहरूसित चीनी, नुन र तेलको सेवन घटाउन तथा मोटोपन, मधुमेह र हाइपरटेन्शन जस्ता बिमारीको रोकथामका लागि सन्तुलित आहार अपनाउने र नियमित व्यायाम गर्ने आग्रह गर्नुभयो। यस अवसरमा अन्य बाहेक मुख्यमन्त्री N रंगास्वामी उपस्थित हुनुहुन्थ्यो। यस अवसरमा आँगनवाडी नानीहरूलाई प्रमाण पत्र र गर्भवती महिलाहरू अनि स्तनपान गराउने आमाहरूलाई पोषण किट दिइयो।

--------------------------------------X----------------------------------
----